# आर्थिक वर्ष २०७६/ ०७७ को
# बार्षिक नीति तथा कार्यक्रम

# गौरीशंकर गाउँपालिका

सुरी , दोलखा

३ नं. प्रदेश, नेपाल

२०७६

गौरीशंकर गाउँसभामा २०७६ साल आषाढ ०९ गते
गाउँपालिकाको अध्यक्ष सोयम बहादुर खड्काद्धारा पेश भई
२०७६ आषाढ १० गते स्वीकृत भएको

आर्थिक वर्ष
२०७६/०७७ को
वार्षिक नीति तथा कार्यक्रम

# गौरीशंकर गाउँपालिका

सुरी , दोलखा
३ नं. प्रदेश, नेपाल
२०७६

Website: http://www.gaurishankarmun.gov.np

यस गाउँ सभाका उपाध्यक्षज्यू

सभाका सम्पुर्ण सदस्यहरु,

प्रमुख अथिती तथा अन्य अथिती गणहरु

नेपालको संविधानको कार्यान्वयन सँगै तीन तहका सरकार गठन भइ सम्बृदी र विकास तर्फ अगाडी बढिरहेको सन्दर्भमा यस गाउँपालिकाको तेस्रो बर्षको पाँचौ गाउँ सभामा निती तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । यस गरिमामय गाउँ सभामा उपस्थित भई गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

यस महत्वपुर्ण घडिमा संघियता तथा गणतन्त्र प्राप्तिको संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । नेपालको राष्टियता अखण्डता स्वाधिनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा तथा अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी रुपान्तरणमा वहाँहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

गाउँपालिकाले तर्जुमा गर्नु पर्ने भनि पहिचान गरिएका कानुनहरुमध्ये आवश्यक्ताका आधारमा १० वटा ऐन तथा सो ऐनलाइ प्रभावकारी कार्यान्वयन गर्नका लागी २२ वटा कार्यविधी निर्देशिका तथा नियमावलीहरु जारी भइ कार्यान्वयनमा आइसकेका छन् ।

बाढी पहिरो आगालागी र प्राकृतिक प्रकोपबाट पीडीत नागरिकलाई राहत उपलब्ध गराउन तथा उद्धारमा सहयोग गर्न गाउँपालिकाको विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७५ र विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधी,२०७६ जारी भई गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालनमा ल्याइएको छ ।

गाउँपालिकको आफ्नो कार्यालय भवन निर्माणको चरणमा रहेको छ । निकट भविश्यमा गाउँपालिकाको आफ्नै कार्यालय भवनबाट दैनिक प्रशासनिक कार्यहरु सञ्चालन हुनेछ ।

गाउँपालिकाले आफ्नो गुरुयोजना समेत निर्माण गरी त्यसैको आधारमा योजना साथ अगाडी बढीरहेको छ ।

गाउँपालिकाले शिक्षा कृषि स्वास्थ्य तथा पुर्वधार विकासको क्षेत्रमा बिशेष प्राथामिकता दिई आफनो कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

गाउँसभाका सम्पुर्ण सदस्य ज्युहरु

हाम्रो गाउँपालिकाले आगामी दिनमा गाउँपालिकालाइ कसरी विकासको गतीमा अगाडी बढाइ सम्बृद नेपाल निर्माणमा सहयोग पुर्याउन सकिन्छ भन्ने हेतुले गाउँपालिकाले तयार गरेको निति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

गाउँपालिका भित्रका सम्पुर्ण कार्यक्रमहरु सञ्चालन गर्दा दिगो विकासका लक्ष्यहरु लाई समेत बिशेष प्राथामिकता दिइ कार्यक्रम सञ्चालन गरिनेछ । देशले लिएको १५ औ आवधिक योजनाका लक्ष्य तथा उदेश्यहरुलाइ समेत पुरा गर्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## कृषि

गाउँपालिका भित्र रोजगारीको श्रृजना गर्ने उदेश्यले आयमुलक सिप विकासका तालिमहरु सञ्चालन गरिनेछ । कृषि क्षेत्रलाइ दिगो विकासको आधारको रुपमा लिई यस क्षेत्रलाई अगाडी बढाउनका लागी कृषिको व्यावसायीकरण विविधिकरण एंव विकासको लागी तालिम तथा प्रशिक्षणका कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।

गाउँपालिका भित्र भएका खानीजन्य वस्तुको संरक्षण विकास र उत्खन्न को सम्भाव्यता अध्ययनको लागी सघिय तथा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

कृषिमा आधारित उद्योगहरुको विकासको लागी युवा लक्षित कार्यक्रम सञ्चालन गरी युवाहरुलाई उद्यममा आकर्षित गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याईने छ ।

जलवायु परिवर्तनलाइ कृषिमा अनुकुलन गर्दै कृषि जैविक विविधताको संरक्षण, सम्वर्दन तथा उपयोगमा वृदि गर्ने कार्यक्रममा प्राथामिकता दिईने छ ।

बाख्रापालन चौरीपालन तथा भेडापालन लगायत अन्य पशुपालन व्यवसायलाई आधुनीकीकरण र व्यवसायीकरण गरिनेछ ।

राष्ट्रको तिन खम्बे अर्थ निती अनुरुप कृषि क्षेत्रमा कार्यरत सरकारी, नीजी र सहकारी तथा गैरसरकारी संस्थाहरुबिच समन्वय र सहकार्य गर्दै साझेदारीमा कृषिजन्य कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

कृषकहरुको घरदैलोमा आधुनीक कृषि प्रविधी पुर्याउन हरेक वडामा कृषि प्राविधीकको व्यवस्थापन गरी अगुवा कृषकहरुको लागी कृषक पाठशालाहरु सञ्चालन गरिनेछ ।

गाउँपालिकाको स्थानीय उत्पादनको संरक्षण तथा निकासी प्रबर्द्धन गर्न शित भण्डार निर्माण गर्न संघ तथा प्रदेश सरकार संग पहल गरि निर्माण गरिनेछ ।

एक वडा एक उत्पादन कार्यक्रमलाई बिशेष प्राथामिकता दिदै कृषि कार्यक्रमहरु अगाडी बढाइने छ । किवीजोन आलुजोन लगायतका फलफुल खेतीलाई बिशेष प्राथामिकता दिई पकेटक्षेत्रहरुको विकास गरिने छ ।

स्थानिय स्तरमा पाईने जडिबुटी तथा बनस्पतीहरुको संरक्षण सम्बर्द्धन गर्दै यसलाई स्थानीय स्तरको आन्तरिक आम्दानी बढाउने तर्फ लक्षित गरी कार्यक्रमहरु ल्याइने छ ।

अर्गानिक गाउँपालिका निर्माणलाई लक्षित गरि गाउँपालिकाका कृषि कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छ ।

उद्योम विकास कोषको स्थापना गरी उक्त कोष मार्फत विभिन्न उद्यममुलक कार्यक्रमहरु सञ्चालन मा ल्याइने छ । बेमौसमी तरकारी खेतीका कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।

कृषि सहकारीहरुलाइ विशेष प्राथामिकता दिइ सहकारी मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।

कृषक तालिम तथा कृषक परिचयपत्र वितरण कार्यक्रमलाइ कार्यान्वयनमा ल्याइने छ ।

नमुना कृषक फर्म तथा हाइटेक नर्सरी स्थापना तथा विकास गरिने छ ।

## जलविद्युत तथा उर्जा

गाउपालिकाले आफनो गाउपालिका भित्र रहेका जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गर्दै गाउँपालिकाले लघु जलविद्युत उत्पादनमा प्राथामिकता दिई जनताको लगानी समेत सुनिश्चित गरिनेछ ।

नेपाल विद्युत प्राधिकरणसंग आवश्यक समन्वय र सहकार्य गरी गाउँपालिकाको सम्पुर्ण वडाहरुमा केन्द्रिय प्रशासरण लाइन विस्तार गरिनेछ ।

## शिक्षा

यस आर्थिक बर्ष भित्र गाउँपालिका कम्तीमा एक प्राविधिक विद्यालय स्थापना गर्न आवश्यक प्रकिय अगाडी बढाईने छ ।

गाउँपालिकाको शैक्षिक गुणस्तरलाइ वृद्धि गर्न उचित वातावरणको स्थापना गरिनेछ । विद्यालयमा रहेका विद्यार्थी संख्या र शिक्षक संख्यालाइ मध्यनजर राख्दै गाउँपालिकाले आवश्यक मापदण्ड निर्धारण गरी शिक्षक संख्या कमी रहेका विद्यालयहरुमा शिक्षक परिपुर्ती गर्न स्वयमसेवक शिक्षक खटाउने व्यवस्था मिलाइने छ । सो को लागी गाउँकार्यपालिकाबाट कार्यविधी निर्माण गरी लागु गरिने छ ।

कम्तीमा आधारभुत  तथा माध्यमिक विद्यालयमा अनिवार्य रुपमा पुस्तकालयको स्थापना गरिनेछ ।

गाउँपालिका भित्र रहेका बालकक्षा शिक्षक नभएका विद्यालयमा गाउँपालिकाले अनिवार्य रुपमा बालकक्षा शिक्षकको व्यवस्था गरिने छ ।

गाउँपालिका भित्र राम्रो नतिजा ल्याउन सफल  शिक्षक  तथा विद्यालायहरुलाइ पुरस्कृत गरिने व्यवस्था मिलाईने छ ।

स्थानिय कला भाषा संस्कृतिलाइ समेटि स्थानिय भाषा शिक्षाको पाठ्रयक्रम तयार गरी लागू गरिने छ ।

## पुर्वधार विकास

गौरीशंकर गाउँपालिकाको सम्पुर्ण वडाहरु छुनेगरी एक गौरीशंकर चक्रपथ सडकको अवधारणालाई पुरा गरी स्तरोन्तीका लागी संघीय तथा प्रादेशीक सरकार समक्ष माग गरिने छ ।

गाउँपालिकाको केन्द्रदेखी वडा कार्यालय जोड्ने मुख्य सडकहरुको स्तरोन्ती गरि बार्है महिना गाडी चल्न सक्ने गरी  सडकको स्तरोन्ती गरिनेछ ।

गौरीशंकर परिक्रमण पथ, रोल्वालीङ केवलकार, सोतली बुद्ध पार्क, चर्दुङ चारधाम, हनुमन्ते डाँडामा हनुमानको मुर्ती निर्माणको लागी संघ तथ प्रदेश सरकार संग समन्वय गरी अगाडी बढाइने छ ।

रोल्बालीङ हिमालयन विद्यालय स्थापनाका लागी संघीय तथा प्रादेशिक सरकार संग पहल गरिने छ ।

गाउँपालिकाबाट प्रवाह हुने सेवालाई सहज र सरल बनाउन आफ्नै कार्यालय भवन निर्माण भईरहेको छ र क्रमश वडा कार्यालयका प्रशासनिक भवन निर्माण प्रक्रियालाई पनि अगाडी बढाईने छ ।

पर्यटकीय क्षेत्रसम्म जोड्ने सडकहरु निर्माणको लागी संघीय तथा प्रादेशिक सरकार संग पहल गरिने छ ।

“एक घर एक धारा” को लक्ष्यलाई पुरा गर्न खानेपानी आयोजना निर्माणलाई बिशेष प्राथामिकता दिंई ठुला खानेपानी आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी आयोजना निर्माणका प्रक्रिया अगाडी बढाइने छ ।

गाउँपालिकाभित्रका प्रत्येक वडामा कम्तीमा  एक / एक वटा एकीकृत बस्तीहरुको सम्भाव्यता अध्ययन गरी एकीकृत वस्ती विकासको लागी  संघिय तथा प्रादेशीक सरकार संग पहल गरिने छ ।

**जलस्रोत तथा सिँचाई**

लघु तथा साना सिँचाई कार्यक्रमलाई बिशेष ध्यान दिँदै सम्पुर्ण कृषियोग्य भुमिमा सिंचाइ पुर्याउने उदेश्यका साथ कार्यक्रम अगाडि बढाइने छ ।

गाउँपालिका भित्र रहेका सम्पुर्ण खानेपानी का मुहानको संरक्षण र सम्बर्दनमा बिशेष ध्यान दिइनेछ ।

**संस्कृति तथा पर्यटन**

नेपाल सरकारको  नेपाल भ्रमण बर्ष २०२० लाई प्रभावकारी  बनाउनका लागी गाउँपालिकाले पर्यटक आकर्षित गर्न बिभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

हाम्रो गाउँपालिकाका बिशेष सम्भावना भएका चंखु-मोसा-च्छोरोल्पा, खारे सोतली – च्छोरोल्पा, टासीनाम – डाल्दुङ- च्छोरोल्पा, सिमिगाउँ- च्छोरोल्पा  लगायतका पर्यटकिय पदमार्गहरुको निर्माण तथा स्तरोन्तीको कार्यलाई अगाडी बढाइने छ ।

"नेपाल भ्रमण बर्ष २०२०" लाई लक्षित गरी गाउँपालिकामा बढी भन्दा बढी पर्यटक भित्र्याउने उदेश्यका साथ बि स २०७६ लाई "च्छोरोल्पा भ्रमण बर्ष" मनाइने छ ।

तामाकोशी नदीमा व्यावसायीक रुपमा र्याफ्टिङ सञ्चालनका कार्यक्रमहरु गर्न गाउँपालिकाले बिशेष प्राथामिकता दिनेछ ।

ऐतिहाँसिक तथा पुरातात्वीक धार्मिक स्थलहरुको संरक्षण र सम्बर्दन गर्दै सांस्कृतिक संग्राहलयहरुको निर्माण गरिने छ ।

यस गाउँपालिकालाई  रेडपाण्डा कस्तुरी उद्यान र हाइड्रोको हबको रुपमा विकास गर्न संघिय तथा प्रादेशिक सरकारसंग आवश्यक समन्वय गरी पर्यटन क्षेत्रलाई बिषेश प्राथामिकताका साथ अगाडी बढाईने छ  ।

लुआङसा – च्योजी – गोसा – बर्मुचे डाँडा– धुपिनी - याले हुँदै पाथीभरा च्छोरोल्पा पर्यटन सडक तथा पदमार्ग विकास गरी पर्यटकीय क्षेत्रको  रुपमा विकास गरिने छ ।

**स्वास्थ्य**

सर्बसाधारणलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवाबाट बञ्चित हुन नदिन आवश्यक प्रबन्धको व्यवस्था मिलाईने छ ।

स्वास्थ्य सेवाको मेरुदण्डको रुपमा काम गर्दै आउनु भएका महिला स्वास्थ्य स्वयम सेविकालाइ सम्मानजनक रुपमा विभिन्न किसिमका प्रोत्साहनको व्यवस्था मिलाइने छ ।

स्वास्थ्य कर्मीहरुको क्षमता विकास तथा अभिवृद्धिका लागी विभिन्न किसिमका तालिमको व्यवस्था मिलाइने छ ।

सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्यलाइ मध्यनजर गर्दै यसै बर्षबाट सुत्केरी आमा भेट कार्यक्रम सञ्चालन गरिने छ ।

स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन आवश्यकतानुसार स्वास्थ्य संस्थाहरुमा थप स्वास्थ्य कर्मीको व्यवस्थापन गरिने छ ।

गाउँपालिकाका सम्पुर्ण विद्यालयहरुमा किशोर किशोरी प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

जेष्ठ नागरिकलाहरुलाई लक्षित गरी घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिने छ ।

**युवा तथा खेलकुद**

गाउँपालिकाको केन्द्रमा एक गाउँपालिका स्तरीय खेल मैदान निर्माण गरिने छ र प्रत्येक वडाहरुमा कम्तीमा एक खेलकुद मैदान निर्माण गरिने छ ।

हरेक बर्ष गाउँपालिकामा पालिका स्तरीय एक खेलकुद कार्यक्रम सञ्चालन गरिने छ । महिलाहरुसंग सम्बन्धी खेलकुदका कार्यक्रमहरु सञ्चालनमा ल्याईने छ ।

**महिला तथा लक्षित वर्ग**

महिलाहरुलाई आयआर्जनमा वृद्धि गर्नका लागी सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालनमा ल्याईने छ ।

युवाहरुमा सिपमुलक कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

एकल महिलाहरुसंग लक्षित गरी विभिन्न किसिमका आयमुलक कार्यक्रमहरु क्षमता विकासका कार्यक्रम शिपमुलक तालिमहरु सञ्चालन गरिनेछ ।

बिशिष्ट क्षमता भएका व्यक्तीहरु लक्षित गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

### कानुन

नेपालको संविधानले स्थानीय तहको अधिकार अन्तगर्त अनुसुचीमा व्यवस्था गरेका बिषयसंग निर्माण गर्नपर्ने कानुनहरुको तर्जुमा गरिने छ ।

### अनुगमन

गाउँपालिका भित्र सञ्चलान हुने सम्पुर्ण योजना तथा कार्यक्रमहरुको निरन्तर अनुगमन गरी अनुगमन कार्यलाइ प प्रभावकारी बनाइदै लगिनेछ ।

### सुचना तथा सञचार

गाउँपालिका भित्रका सम्पुर्ण वडा कार्यालयहरुमा नेट इन्टरनेटको सहज पँहुच पुर्याइ गाउँपालिका तथा यस मातहातका कार्यालयहरुबाट प्रवाह हुने सेवाहरुलाई पारदर्शी र प्रभावकारी बनाइने छ ।

### सुशासन

गाउँपालिकाभित्र सञ्चालन हुने आयोजनाहरुको अनुगमन तथा मुल्याडकनलाई प्रभावकारी बनाईने छ ।

गाउँपालिका तथा यस अन्तरगर्तका कार्यालयहरुबाट प्रवाह हुने सेवामा प्रभावकारिता ल्याउन प्रत्येक कार्यालयहरुमा  नागरिक वडापत्रको अनिवार्य व्यवस्था गरिने छ  ।

न्यायीक समितीको भुमिमालाई प्रभावकारी बनाउन विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

न्यायीक समिती  प्रहरी र महिला समुहहरुको समन्वयममा महिला हिंसा बालविवाह तथा सामाजिक विभेदलाई न्युनीकरण गर्न बिभिन्न किसिमका कार्यक्रमहरु अगाडी बढाईने छ ।

गाउँपालिकालाई लगानीमैत्री गाउँपालिकाको रुपमा विकास गरी गाउँपालिकामा बढी भन्दा बढी लगानी भित्र्याउने बातावरण श्रृजना गरिने छ ।

गाउँपालिका भित्र कार्यक्षेत्र बनाई काम गर्ने गैरसरकारी क्षेत्रहरुसंग साझेदारीमा बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।